# कानेपोखरी गाउँपालिका
## Kanepokhari Rural Municipality
## गाउँ कार्यपालिकाको कार्यालय
## Office of the Rural Municipal Executive
## भौसाबारी, मोरङ/Bhausabari, Morang

कोशी प्रदेश, नेपाल
Koshi Province, Nepal

प.स.: पू.वि.शा. (२०८३/८४)
च.नं.: ६३८

मितिः २०८३/०६/२०

**बिषय : शिलबन्दी बोलपत्र (हार्डकपि मात्र) आव्हान सम्बन्धी सूचना**

प्रथम पटक प्रकाशन मितिः २०८३/०६/२१

यस गाउँपालिकाबाट तपशिल बमोजिमका सामाग्रीहरु खुला शिलबन्दी बोलपत्र हार्डकपीको माध्यमबाटमात्र गर्नुपर्ने भएकोले नेपाल सरकारबाट इजाजतप्राप्त इच्छुक तथा योग्य सामाग्री साप्लायर्य/ बोलपत्रदाताहरुको लागी निम्न शर्तहरुको अधिनमा रही रितपुर्वकको हार्डकपी शिलबन्दी बोलपत्र आव्हान गरिएको छ ।

शर्तहरु:

- बोलपत्र कागजात खरिद गर्न इच्छुक सामाग्री साप्लायर्य/ बोलपत्रदाताले आ-आफ्नो फर्म/ कम्पनी दर्ताको प्रमाणपत्र, व्यवसाय इजाजत प्रमाणपत्र, स्थानीय तहमा व्यवसाय दर्ताको प्रमाणपत्र (ऐच्छिक), मु.अ.कर दर्ता प्रमाणपत्र, आ.व. २०८१/८२ को कर चुक्ता प्रमाण पत्र हरुको प्रमाणित प्रतिलिपी तथा बोलपत्र खरिदको लागी ठेक्का नं तथा बोलपत्रदाताको नाम प्रस्ट लेखिएको भौचर/ नगदी रसिद संलग्न राखि निवेदन दिनुपर्नेछ । **बोलपत्र खरिद गर्ने निवेदनमा बोलपत्र खरिद गर्न आउनेको नाम, ठेगाना, मोवाईल नं. तथा सम्बन्धित बोलपत्रदाताको ईमेल ठेगाना र मोवाईल नं. लेखिएको हुनुपर्नेछ ।** बोलपत्र कागजात खरिद गर्न संम्बन्धित बोलपत्रदाता आफै उपस्थित नभएमा/ हुन नसकेमा खरिद गर्न आउनेको नाममा जारी गरीएको अख्तियारनामा (Power of attorney for purchase of Tender) संलग्न हुनु पर्नेछ । यो अख्तियारनामा (Power of attorney) बोलपत्र खरिद गर्नलाईमात्र मान्यता दिईने/ हुनेछ । कागजात सहितको निवेदन राजस्व शाखाबाट उल्लेखित कागजातहरु भए/ नभएको चेक जाँच पश्चात उल्लेखित कागजातहरु संलग्न भएको पाइएमा बोलपत्र खरिद पुस्तिकामा दर्ता गरी बोलपत्र कागजात उपलब्ध गराइनेछ ।
- बोलपत्र खरिद दस्तुर वापतको रकम यस कार्यालयको राजस्व शाखामा नगदै बुझाउन वा एनआईसि बैक लिमिटेड रमाईलो शाखामा रहेको निम्नानुसारको यस कार्यालयको आन्तरिक राजस्व खातामा जम्मा गर्न वा स्थानीय तह राजस्व पोर्टल (https://sutrarevenue.fcgo.gov.np) मार्फत यस कार्यालयको नाममा दाखिला गर्न सकिनेछ ।

  आन्तरिक राजश्व खाताको विवरण:

  Name of the Bank: NIC **Asia Bank, Ramailo Branch**
  Name of Office: Kanepokhari **Rural Municipality, Bhausabari, Morang**
  Account no. (Rajaswa Khata): **133CA50021460002, GA 1.1 ANTARIK RAJAESHO KHATA - KANEPOKHARI GAUPAL**
  Office Code no. : 801011311 Rajaswa (revenue) Shirshak no. : **14229**

  **For Security Deposit (Dharauti Khata) No.: D3CA000455752407**

- बोलपत्रदाताले बोलपत्र साथ बोलपत्र खरिद गरेको भौचर/ नगदी रसिदको सक्कलै प्रमाण वा प्रमाणित प्रतिलिपी, बोलपत्र जमानत वापतको रकम यस कार्यालयको माथि उल्लेखित धरौटी खातामा रकम जम्मा गरी सो को सक्कलै भौचर वा सोही रकम बराबरको नेपाल राष्ट्र बैंकबाट मान्यता प्राप्त बाणिज्य बैंक वा वित्तिय सँस्थाबाट यस कार्यालयको नाममा जारी भएको बोलपत्रको हकमा बोलपत्र दाखिला गर्ने अन्तिम दिन देखि कम्तीमा १२० दिन मान्य अवधी भएको निशर्त बोलपत्र जमानतको सक्कलै प्रति संलग्न राखि पेश गर्नुपर्नेछ ।
- एक फर्मको नामबाट बोलपत्र खरिद गरी अर्को फर्मको नामबाट बोलपत्र दाखिला गर्न पाइनेछैन ।
- बोलपत्र खरिद गर्ने कार्य तथा तोकिएको समयावधि भित्र पेश/ दर्ता भएका सिलबन्दि बोलपत्रहरुको खोल्ने कार्य तपसिल अनुसारको मिति तथा समय अनुसार हुनेछ । तोकिएको समय भन्दा ढिला गरी पेश/ दर्ता हुन आएका बोलपत्रहरुलाई मान्यता/ स्विकार गरिने छैन ।

# कानेपोखरी गाउँपालिका
Kanepokhari Rural Municipality
## गाउँ कार्यपालिकाको कार्यालय
Office of the Rural Municipal Executive
भौसाबारी, मोरङ/Bhausabari, Morang

कोशी प्रदेश, नेपाल
Koshi Province, Nepal


- तोकिएको समयावधि भित्र पेश/ दर्ता भएका सिलबन्दि बोलपत्रहरुको खोल्ने कार्य सम्बन्धित बोलपत्र वा निजको प्रतिनिधीहरु र आमन्त्रित प्रतिनिधीहरुको उपस्थिति/ रोहवरमा यस कार्यालयमा उल्लेखित मिति र समयमा खोलिनेछ । कुनै कारणवश सम्बन्धित बोलपत्रदाता वा निजको प्रतिनिधीहरु उपस्थित नभएमा बोलपत्र खोल्न कुनै बाधा पर्नेछैन ।
- उल्लेखित ठेक्काको बोलपत्र पेश गर्नु पुर्वको बैठक (Pre-bid Meeting) मिति २०८३/०७/१० गते दिनको ०२:०० बजे यसै कार्यालयमा बस्नेछ ।
- बोलपत्र कागजातमा बोलपत्रदातालाइ दिइएको निर्देशन अनुरुप बोलपत्रदाताले भर्नुपर्ने सम्पुर्ण विवरणहरु भरी, सबै पानामा प्रोपाइटर वा आधिकारिक प्रतिनिधी [अख्तियारनामा प्राप्त (Power of attorney holder)] ले सहीछाप गरी, आवश्यक सम्पूर्ण कागजातहरु संलग्न राखी, रितपुर्वक शिलबन्दी गरी पेश गर्नुपर्नेछ । शिलबन्दी नगरी पेश हुन आएका तथा बोलपत्र कागजातमा दस्तखत तथा छाप नभएका बोलपत्रहरु स्विकार गरिनेछैन ।
- बोलपत्र फिर्ता लिन वा संशोधन गर्न चाहेमा सम्बन्धित ठेक्काको बोलपत्र दाखिला गर्नुपर्ने मिति तथा समय भन्दा २४ घण्टा अगाडीको मिति तथा समय सम्ममा शिलबन्दी निवेदन पेश गर्नुपर्नेछ । तोकिएको समय भन्दा ढिला गरी दर्ता हुन आएका बोलपत्र फिर्ता सम्बन्धी निवेदन र संशोधन सम्बन्धी कागजात उपर कुनै कारबाही गरिनेछैन । शिलबन्दी नगरी पेश हुन आएका फिर्ता वा संशोधन सम्बन्धी कागजात स्विकार गरिनेछैन । एक पटक संशोधन भइसकेको बोलपत्र फिर्ता लिन सकिनेछैन । बोलपत्र फिर्ता वा संशोधन सम्बन्धी निवेदन एक पटक भन्दा बढि दिन पाइनेछैन ।
- बोलपत्रदाताले दररेट प्रस्ताव गर्दा/ विओक्यू मा भर्दा वा लेख्दा प्रत्येक आईटमको महलमा प्रष्टसँग बुझिनेगरी अंक तथा अक्षरमा दररेट प्रस्ताव/ लेख्नु गर्नुपर्नेछ । कुनै कारणवश सच्याउनु परेमा/ केरमेट भएमा/ गरेमा उल्लेखित स्थानमा प्रोपाइटर वा आधिकारिक प्रतिनिधीको अनिवार्य सहिछाप हुनुपर्नेछ । बोलपत्रदाताबाट प्रस्तावित दररेटको अंक र अक्षर भिन्नता देखिएमा अक्षरमा लेखिएको दररेटलाइ मान्यता दिइनेछ । विओक्यूको कूल जम्मा रकम, लेटरअफ विडमा लेखिएको कुल रकम र आईटमवाईज दररेट गुणागरि आउने रकमहरुको जम्मा मा फरक परेमा/ भएमा विओक्यूको दररेट ले गुणागरि आएको कूल जम्मा रकमलाई मान्यता दिइनेछ ।
- बोलपत्र खरिद वा पेश गर्ने अन्तिम दिन सार्वजनिक विदा पर्न गएमा सो को लगत्तै कार्यालय खुलेको दिनको पुर्वनिर्धारित समय अनुसार नै बोलपत्र खरिद वा पेश/ दर्ता गर्ने कार्य हुनेछ ।
- बोलपत्रदाताले कार्यालयबाट खरिद गरिएको सङ्कलै बोलपत्र कागजात मा दस्तखत तथा आवश्यक सम्पूर्ण कुराहरु भरी सिलबन्दि गरी पेश गर्नु पर्नेछ । फोटोकपि गरी/ गरिएको बोलपत्र कागजात अमान्य हुनेछ ।
- ***उल्लेखित ठेक्काको खरिद प्रकृया हार्डकपि मात्र पेश गर्ने को माध्यमबाट भएकोले यस बोलपत्र कागजातको/मा कहिकतै विद्युतिय माध्यमबाटको प्रकृया भएको/ लेखिएको वा सो बुझाउने भाव समेत भए वा यसबाट कुनै द्विविधा भए/ हुन गए सो भूलवस भएकोले यसलाई हार्डकपि माध्यमको बुझि/ मानि सोहि अनुसार गर्नुहुन जानकारी गराईन्छ ।***
- यस सम्बन्धी थप जानकारी आवश्यक भएमा यस कार्यालयको सूचना पाटि, आधिकारिक वेभसाइट www.kanepokharirmun.gov.np, फेसबुक पेज, सार्वजनिक खरिद अनुगमन कार्यालयको वेव साईट www.ppmo.gov.np र कार्यालय समयमा यस कार्यालयको पुर्वाधार विकास महाशाखामा वा सम्पर्क नं ९८५२६३८४०६ मा सम्पर्क राख्न सकिनेछ ।

हिरा कुमारी यादव
प्रमुख प्रशासकीय अधिकृत

# कानेपोखरी गाउँपालिका
## Kanepokhari Rural Municipality
## गाउँ कार्यपालिकाको कार्यालय
Office of the Rural Municipal Executive
भौसाबारी, मोरङ/Bhausabari, Morang

कोशी प्रदेश, नेपाल
Koshi Province, Nepal

| ठेक्का नम्बर | ठेक्काको नाम | लागत अनुमान रकम रु (पिएस सहित, मु.अ.कर र कन्टेनजेन्सी बाहेक) | बोलपत्र जमानत बापतको रकम रु | बोलपत्र खरिद गर्ने अन्तिम मिति तथा दस्तुर रकम रु (फिर्ता नहुने गरी) | बोलपत्र पेश गर्ने अन्तिम मिति | बोलपत्र खोलिने मिति |
|---|---|---|---|---|---|---|
| *KRM/NCB/ GOODS/01/ 2083/84* | *Procurement of Medicine for Bayarban Hospital* | १५,५३०,०७३.०० | 460,000.00 | २०८३/०७/१७ गते कार्यालय समय सम्म, रु. 3,000.00 | २०८३/०७/१८ गते दिनको 12:00 बजे सम्म | २०८३/०७/१८ गते दिनको 12:30 बजे |

.....
हिराकुमारी यादव
प्रमुख प्रशासकिय अधिकृत

हिरा कुमारी यादव
प्रमुख प्रशासकिय अधिकृत

वोधार्थ,

श्री सूचना तथा प्रविधि शाखा, कानेपोखरी गाउँकार्यपालिकाको कार्यालयः कार्यालयको वेवसाईट तथा फेसबुक पेजमा अपलोड गरिदिन हुन र PPMO मा सूचना पठाईदिनहुन ।